लुम्बिनी प्रदेश

पर्यटन विकास परिषद्

सेवा करारमा लिने सम्बन्धि सूचना

सूचना प्रकाशित मिति : २०७९/०९/२६

पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्धनद्वारा स्थानीय स्तरमा रोजगारीको अवसरहरुको सिर्जना गर्ने र लुम्बिनी प्रदेशलाई एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी राष्ट्रिय तथा अन्तरास्ट्रिय जगतमा परिचित गराउने उदेश्यका साथ लुम्बिनी प्रदेश सरकारले पर्यटन विकास परिषद् गठन गरी सञ्चालनमा ल्याएको छ ।

परिषद्को कार्यालयका लागि स्वीकृत दरबन्दी अनुसार तपसिल बमोजिमका कर्मचारी करारमा २०८० असार मसान्त सम्मका लागि नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकासित भएको मितिले ७(सात) दिनभित्र निवेदन दिनुहुन् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स	बिज्ञापन न	पद	माग संख्या
३	०१-२०७९/८०	सूचना प्रविधि अधिकृत (छैठौ तह)	१ (एक)
४	०२-२०७९/८०	पर्यटन सूचना अधिकारी (पाँचौं तह)	६ (छ)

<u>आवश्यक न्यूनतम शैक्षिक योग्यता</u>

१. सूचना प्रविधि अधिकृत (IT Officer): मान्यताप्राप्त शिक्षण संस्थाबाट **B.E in Computer, BIT,BIM, BCA, BEIT, BSc.IT, BSc.CSIT** वा सो सरहको विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने छ। न्यूनतम शैक्षिक योग्यता प्राप्त गरिसकेपछि कम्तिमा २ बर्ष कार्य अनुभव भएको र सम्बन्धित विषयमा तालिम लिएको हुनु पर्नेछ । उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

२. पर्यटन सूचना अधिकारी : मान्यताप्राप्त शिक्षण संस्थाबाट पर्यटन, अंग्रेजी,, ब्यवस्थापन वा सो सरहको विषयमा स्नातक तह उत्तीर्ण गरेको र अंग्रेजी राम्रोसंग बोल्न जानेको हुनु पर्ने छ। न्यूनतम शैक्षिक योग्यता प्राप्त गरिसकेपछि कम्तिमा १ बर्ष कार्य अनुभव भएको र सम्बन्धित विषयमा तालिम लिएको हुनु पर्ने छ । उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

नोटः छनौट विधिमा लिखित, प्रयोग्मत्क तथा अन्तर्वार्ताको आधारमा छनौट गरिनेछ ।इच्छुक उम्मेदवारले उल्लेखित मितिभित्र प्राप्त हुने गरि निवेदन दस्तुर तिरेको रसिद, हस्तलिखित निवेदन, ब्यक्तिगत विवरण, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, कार्य अनुभवको र तालिमको प्रमाणपत्र तथा अन्य कागजातहरु राखी इमेल ठेगाना **tdclumbini@gmail.com** मार्फत वा स्वयम् कार्यालयमा उपस्थित भई आवेदन दिन सकिने छ।यस सूचना सम्बन्धि विस्तृत विवरण परिषद्को वेबसाइट **(https://tdc.lumbini.gov.np)** बाट प्राप्त गर्न सकिने छ ।